# धरान उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय

## धरान, सुनसरी, प्रदेश नं. १, नेपाल

## नगर कार्यपालिका बैठक

### बैठक संख्या २/०७६/०७७

आज मिति २०७६ भाद्र २५ गते दिउँसो २:०० बजे धरान उपमहानगरपालिकाको नगर कार्यपालिकाको बैठक कार्यवहाक नगर प्रमुख श्री मञ्जु भण्डारी सुवेदीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बस्यो ।

उपस्थिती:

| क.स. | नाम | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १. | श्री मञ्जु भण्डारी सुवेदी | का. वा. नगर प्रमुख | धरान उपमहानगरपालिका | |
| २. | श्री रोशन अधिकारी | वडा अध्यक्ष | धरान-१ | |
| ३. | श्री ~~माधव गोविन्द श्रेष्ठ~~ [illegible] | [illegible] वडा अध्यक्ष | धरान-२ | |
| ४. | श्री आशा कुमार श्रेष्ठ | वडा अध्यक्ष | धरान-३ | |
| ५. | श्री मान बहादुर राई | वडा अध्यक्ष | धरान-४ | |
| ६. | श्री सन्तोष लिम्बु | वडा अध्यक्ष | धरान-५ | |
| ७. | श्री भुवनसिं वस्नेत | वडा अध्यक्ष | धरान-६ | |
| ८. | श्री जिवनराज सुवेदी | का. वा. वडा अध्यक्ष | धरान-७ | |
| ९. | श्री ~~रुद्रबहादुर लिम्बु~~ रत्नाबिका परियार | [illegible] वडा अध्यक्ष | धरान-८ | |
| १०. | श्री रत्न बहादुर कटुवाल | वडा अध्यक्ष | धरान-९ | |
| ११. | श्री श्रीप्रसाद लिम्बु | वडा अध्यक्ष | धरान-१० | |
| १२. | श्री बाबुलाल लामा | वडा अध्यक्ष | धरान-११ | |
| १३. | श्री टंक बहादुर राई | वडा अध्यक्ष | धरान-१२ | |
| १४. | श्री नेत्र प्रसाद काफ्ले | वडा अध्यक्ष | धरान-१३ | |
| १५. | श्री कृष्ण प्रसाद भट्टराई | वडा अध्यक्ष | धरान-१४ | |
| १६. | श्री नरेश कुमार इवारम | वडा अध्यक्ष | धरान-१५ | |
| १७. | श्री दिलकुमार गिरी | वडा अध्यक्ष | धरान-१६ | |
| १८. | श्री सूर्य बहादुर भट्टराई | वडा अध्यक्ष | धरान-१७ | |
| १९. | श्री नरेन्द्र कुमार राई | वडा अध्यक्ष | धरान-१८ | |
| २०. | श्री पुर्ण बहादुर लिम्बु | वडा अध्यक्ष | धरान-१९ | |
| २१. | श्री मणिराम राई | वडा अध्यक्ष | धरान-२० | |
| २२. | श्री सुवास राई | नगर कार्यपालिका सदस्य | धरान-१७ | |
| २३. | श्री कैलाश अग्रवाल | नगर कार्यपालिका सदस्य | धरान-२ | |
| २४. | श्री किशोर परियार | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २५. | श्री गिता पाखिन | नगर कार्यपालिका सदस्य | धरान-७ | |
| २६. | श्री विनिता बज्राचार्य | नगर कार्यपालिका सदस्य | धरान-१२ | |
| २७. | श्री कल्पना थापा | नगर कार्यपालिका सदस्य | धरान-११ | |
| २८. | श्री लिलामाया गुरुङ्ग | नगर कार्यपालिका सदस्य | धरान-८ | |
| २९. | श्री हिरादेवी राई | नगर कार्यपालिका सदस्य | धरान-१६ | |

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| ३०. | श्री विनोद कुमार पोखरेल | नि. प्रमुख प्रशासकीय अधिकृत | |
| ३१. | श्री गणेश प्रसाद खतिवडा | वरिष्ठ प्रशासकीय अधिकृत | |

बैठकमा छलफल र निर्णय भएका विषयहरु:-

१. संविधान दिवस मनाउने सम्बन्धमा ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश नं . १, विराटनगरको मिति २०७६/०५/१६ को संविधान दिवस मनाउने सम्बन्धी परिपत्र आजको वैठकमा पेश गरियो । परिपत्र अनुसार सबै वडा तथा नगर तहमा सरसफाई कार्यक्रम, साझमा दिपावली, वृक्षारोपण लगायतका कार्यक्रमहरु गर्ने । साथै प्रदेश सरकारबाट नगरपालिकालाई पठाएको ठूलो राष्ट्रिय झण्डा भानुचौकमा राख्ने सर्वसम्मत निर्णय गरियो । अन्य कार्यक्रम नगरकार्यपालिका कार्यालयले तयार गरी वडामा पठाउने समेत निर्णय गरियो ।

२. धनकुटे रोडको मापदण्ड सम्बन्धमा ।

मदन भण्डारी राजमार्गको मापदण्डको विषयले गर्दा धनकुटे रोड (RTO रोड) को घर नक्सापास रोकिएकोमा मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालयबाट प्राप्त जनाकारी अनुसार उक्त राजमार्ग धरान ८ तिनकुनेबाट जाने भन्ने निश्चय भएकाले धनकुटे रोड(RTO रोड) र चतरा मार्गमा भवन नक्सा पास पछि नेपाल सरकारबाट कुनै निर्णय भएमा सोहि अनुसार हुने गरि हाललाई साविक अनुसारनै सडक अधिकार क्षेत्र ६० फिटमा मा गर्ने निर्णय गरियो ।

३. मदन भण्डारी राजमार्ग सम्बन्धमा ।

मदन भण्डारी राजमार्ग आयोजना निर्देशनालय चाकुपाट, ललितपुरको मिति २०७६/०४/२० च.न. २२ बाट प्रस्तावित मदन भण्डारी राजमार्गको रेखाङ्कनमा पर्ने यस उपमहानगरपालिका क्षेत्र हुदै जाने Alignment लाइ स्वीकृत गर्ने निर्णय गरियो । उक्त Alignment मा पर्ने जग्गा घर तथा संरचनाको मुआब्जा तथा क्षतिपुर्तिको सम्बन्धमा नेपाल सरकारको राष्ट्रिय नीति अनुसारनै यस उपमहानगरपालिकाको मान्यता तथा समर्थन रहने निर्णय गरियो ।

४. अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

आ.व. २०७६/०७७ का लागि नदिजन्य पदार्थ उत्खनन गर्ने ठेक्का लगाउने सम्बन्धमा गत वर्षको उत्खननको अध्ययन गरी २९ गते भित्रमा प्रतिवेदन पेश गर्न तपशिल अनुसारको समिति गठन गर्ने र उक्त समितिले प्रतिवेदन पेश गरे पछि थप निर्णय गरी प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

(क) संयोजक- नरेश इवारम- १५ नं. वडाध्यक्ष

(ख) सदस्यः- वडा नं. ५, ६,११, १६,१७ र २० का वडाध्यक्षहरु

(ग) कर्मचारीहरुमा:- प्राविधिक निर्मलकृष्ण श्रेष्ठ

(घ) सदस्य सचिवः- वातावरण महाशाखा प्रमुख

५. सदस्यतालिने सम्बन्धमा ।

क) धरान उपमहानगरपालिकालाई पर्यटनको क्षेत्रमा अन्तराष्ट्रिय स्तरमा चिनाउन र यस क्षेत्रको पर्यटनको विकास र प्रबर्द्धन गर्न एशिया प्यासेफिक क्षेत्रका नगरहरु पर्यटनको विकास र प्रबर्द्धन गर्ने उद्देश्यले साझा संस्थाको रुपमा स्थापना गरिएको TPO (Tourism Promotion Organization for Asia Pacific Cities) को सदस्यता लिने निर्णय गरियो ।

ख) TPO ले यहि २०१९ सेप्टेम्बर २५ देखि २८ सम्म गणतन्त्र कोरियाको वुशान शहरमा आयोजना हुने ९ औं साधारण सभामा सहभागिहुन यस नगरको तर्फबाट का.वा प्रमुख श्री मञ्जु भण्डारी सुवेदीको नाम मनोनयन गर्ने निर्णय

गरियो । सो कार्यक्रममा यातायात तथा दैनिक भ्रमण खर्च आयोजकबाटै व्यहोर्ने गरी भ्रमण स्वीकृतीको लागि संघीय मामिला तथा सामान्य प्रसाशन मन्त्रलायमा अनुरोध गर्ने समेत निर्णय गरियो ।

६. भगिनि सम्बन्ध स्थापनागर्ने सम्बन्धमा टोली गएको अनुमोदन गर्ने सम्बन्धमा ।

नेपालको छिमेकी मित्रराष्ट्र भारतको सिक्किम राज्यको राजधानी गान्तोक स्थित गान्तोक मुनिसिपल कर्पोरेशन (Gangtok Municipal Corporation) र धरान उपमहानगरपालिकाबीच भगिनि सम्बन्ध कायम गर्न र ईस्ट टुरीजम् मार्ट २०१९ को लागि सहभागिताको निमन्त्रणा दिनको लागि १९ नं. वडध्यक्ष श्री पूर्ण बहादुर लिम्बुको संयोजकत्वमा पर्यटन प्रवर्द्धन समितिका सह संयोजक श्री किशोर कुमार राइ थुलुङ्ग पर्यटन पर्यटक समितिका पर्यटन प्रवर्द्धनका समितिका श्री एलिना मगर र राजश्व, पर्यटन तथा सूचना महाशाख प्रमुख श्री खगेन्द्र प्रसाद खतिवडा सदस्य रहनु भएको टोलिको मिति २०७६/०५/१६ गते देखि २०७६/०५/१९ सम्मको भ्रमण अनुमोदन गर्ने निर्णय गरियो ।

७. अनलाईन प्रणालिबाट राजस्व संकलन गर्ने सम्बन्धमा ।

धरान उपमनगरपालिकाले संकलन गर्ने राजश्वलाई करदाता मैत्री बनाउन तथा छिटो छरितो र सहजरुपमा कर तिर्ने अवसर श्रृजन गर्न नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त गरेका सेवा प्रदायकहरु श्री क्लियरिङ हाउस लि. ई. सेवा, फोन पे प्रा.लि. र स्प्यारो पे प्रा.लि इ सेवा सँग सम्झौता गरि अनलाइन राजश्व असुलिको कार्य अगाडि बढाउने निर्णय गरियो ।

८. वडाहरुबाट भएको खरिदहरुको दाखिला वडाहरु बाटनै गर्ने सम्बन्धमा ।

विगत वर्षदेखिनै वडागत रुपमा चालु खर्च तर्फ रु दशलाख सम्म विनियोजन भई स्टश्नरी छपाई सम्बन्धी खरिद हुदै आएको र सडक बत्ती सँग सम्बन्धीत सामाग्रीहरुको समेत खरिद भइरहेको अवस्थामा उक्त सामाग्रीहरुको खरिद गर्दा स्वीकृत वजेट तथा कार्यक्रमभित्र रही माग फारम स्वीकृत गर्ने, खरिद आदेश स्वीकृत गर्ने, बील भर्पाइ प्रमाणित गर्ने, दाखिला गर्ने तथा लागत कट्टा गर्ने लगायतका सम्पूर्ण जिन्सी प्रशासन र वित्तिय उत्तरदायित्व सम्बन्धीत कार्य वडाध्यक्षबाटै गरी वडासमितिको निर्णयका साथ भुक्तानीका लागि माग भई आएको अवस्थामा उपमहानगरपालिकाबाट भुक्तानी दिने गरी निर्णय गरियो ।

९. भगिनि सम्बन्ध स्थापना गर्ने सम्बन्धमा ।

नेपालको छिमेकी मित्रराष्ट्र भारतको सिक्किम राज्यको राजधानी गान्तोक यस धरान उपमहानगरपालिकाबाट भौगोलिक दुरीको हिसाबले नजिकै रहेको र भौगोलिक, सामाजिक तथा सास्कृतिक एवम् भाषिक रुपमा धरान उपमहानगरबीच धेरै समानता रहेकोहुँदा सिक्किम राज्यको राजधानी गान्तोकको स्थानीय सरकारको रुपमा रहेको गान्तोक म्युनिसिपल कर्पोरेसन (Gangtok Municipal Corporation) संग धरान उपमहानगरपालिकाको नेपाल सरकारको पूर्व स्वीकृती लिई भगिनि सम्बन्ध स्थापना गर्ने निर्णय गरियो ।

१०. ईस्ट टुरीजम मनाउने सम्बन्धमा ।

नेपाल पर्यटन बोर्डको आयोजना र धरान उपमहानगरपालिकाको सहआयोजनामा मिति २०७६/०९/४, ५ र ६ गते धरानमा सञ्चानल हुने ईष्ट टुरिजम मार्ट भव्य रुपमा सफल बनाउंन नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र अन्य सरोकारवाला सबैलाई आह्वान गर्ने निर्णय गरियो ।

११. भवनको डिजाइन गराउने सम्बन्धमा ।

यस धरान उपमहानगरपालिका क्षेत्रभित्र निर्माण हुने भवनको डिजाइन गर्दा बस्ती विकास शहरी विकास योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ को निर्देशन अनुसार ३ तला सम्मका क र ख वर्गका भवनहरु आर्किटेक्ट वा सिभिल इन्जिनियरिङ विषयमा स्नातक उर्तिण गरि ५ वर्षको अनुभव र इन्जिनियरिङ्ग परिषदमा दर्ता भएका ईन्जिनियर (इन्जिनियरिङ परिषदले व्यवसायिक अनुमति प्रदान नगरुन्जेल) बाट डिजाईन गराउने गरेकोमा अब ३ तला सम्मका भवनलाई विद्यमान नियमानूसार नै र ३ तला भन्दा अग्लो भवन भए Earth Quake Engineering/ Structural Engineering विषयमा ME ( स्नाकोत्तर) उर्तिण गरि इन्जिनियरिङ्ग परिषदमा दर्ता वाला ईन्जिनियरबाट डिजाईन गराउने ब्यवस्था गर्ने निर्णय गरियो ।

१२. साइट सेटव्याक सम्बन्धमाः ।

धरान उपमहानगरपालिकाका क्षेत्रभित्र निर्माणहुने भवनहरुले नगरपालिकाबाट निर्णित नियम अनुसार सडक तर्फको सेटब्याक छोड्नु पर्दा २० फिट सम्म चौडा सडकमा आवाशिय भवन भए १.५ मिटर र २० फिट भन्दा बढि ५० फिट सम्म चौडा र सटर (ब्यापारिक) भएको भवन भए २ मि. साथै ५० फिट भन्दा बढि भएको भए ३ मिटर सेट ब्याक छोड्नु पर्ने प्रावधान रहेको तर बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्ड २०७२ ले सडक तर्फ १.५ सेटब्याकको ब्यवस्था गरेको छ । हाल धरानमा निर्माण भई रहेका भवनहरुको अवस्था तथा स्थानीयबासीको मागलाई मध्यनजर गर्दा धेरै सडकहरु ३० फिट मापदण्डका देखिएकाले ३० फिट सम्मका सडकको हकमा सडक तर्फको सेटब्याक आवशिय, ब्यापारिक(सटर) भए पनि १.५ मिटर कायम गर्ने निर्णय गरियो ।

१३. महेन्द्र पथको रेलिङ्गमा विज्ञापन गर्ने सम्बन्धमा ।

धरान-१२ महेन्द्र पथको छाता चौक देखि भानुचौक सम्म नगरपालिकाले लगाएको स्टीलका रेलिङ्गहरुमा राखिएको सानो विज्ञापन राख्न सकिने ठाँउमा विज्ञापन गर्न चाहने फर्म कम्पनीहरुबाट प्रस्ताव माग गरि सूचना प्रकासन गर्ने त्यसमा जम्मा १९० वटा रेलिङ्ग रहेकोमा ४० वटा नगरपालिकाका विभिन्न सूचना प्रचार प्रसार गर्ने प्रयोजनका लागि राख्ने र १५० वटा मा मात्र विज्ञापन गर्ने साथै दस्तुरको हकमा प्रति रेलिङ्ग प्रति वर्ष न्यूनतम रु १०००/- कायम गर्ने समेत निर्णय गरियो ।

१४. महिला कानून व्यवसायिक संघको अधिवेसनमा सहयोग सम्बन्धमा ।

महिला कानून व्यवसायीहरुले मिति २०७६/०५/१८ र १९ गते धरानमा आयोजना गरिएको राष्ट्रिय अधिवेशन कार्यक्रमको लागि सहयोग माग भई आएकोमा चालु आ.व. को संस्थागत अनुदानको बजेटबाट रु ३०००००/- ( अक्षेरुपी रु. तिन लाख) उपलब्ध गराउने निर्णय गरियो ।

१५. बाल दिवस सम्बन्धमा ।

आगामी भाद्र २९ गते बाल दिवस मनाउने सम्बन्धमा सामाजिक विकास महाशाखाबाट पेश भए अनुसारका कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

१६. जिपलाइन संचालन सम्बन्धमा ।

वल्ड वाइड एडभेन्चर प्रा.लि., रञ्जनागल्ली काठमाण्डौले धरान वडा नं. ४ देवीथानको उत्तरबाट ६५० मीटरको दुरिमा पर्यटन प्रवर्द्धन गर्न जिप लाइन निर्माण गर्न लागेकोले जिपलाइनको ओर्लिने स्टेशनका लागि पुरानो

सार्वजानिक शौचालयको उत्तर पश्चिमको जग्गा र उक्त कामको स्वीकृती माग गरेकोमा हाललाई प्रारम्भीक वातावरणीय प्रभाव मूल्यांकन गरी सो आए पछि पुन वैठकमा छलफल गर्ने निर्णय गरियो ।

१७. कानूनी सल्लाहकारको सेवा सुविधा सम्बन्धमा ।

यस उपमहानगरपालिकामा कानूनी सल्लाहकार दुई जना रहनु भएको र यस आ.व. को लागि निजहरुको पारिश्रमिक सेवा सुविधा एवम कार्यक्षेत्रगत शर्त (TOR) नियम अनुसार र तोक्ने निर्णय गरियो ।

(क) दुवैको पारिश्रमिक मासिक रु २५०००/- कायम गर्ने ।

(ख) दुवैको इनरुवा विराटनगर वा रात विताउन नपर्ने गरी गरेको भ्रमणका लागि यातायात तथा भ्रमण खर्च वापत प्रति दिन यातायात र खाजा खर्च वाफत रु. ८००/- उपलब्ध गराउने तथा काठमाण्डौ लगायत रात विताउने गरी भ्रमण गर्नुपर्दा अधिकृत स्तरको कर्मचारी सरह भ्रमण तथा यातायात खर्च उपलब्ध गराउने ।

(ग) कार्यक्षेत्र शर्त (TOR) को हकमा कानूनी सल्लाहकारहरुले गर्नुपर्ने कामको बोझ र सन्तुलन लाई मध्यनजर गरी का.व. नगरप्रमुखले तोक्ने ।

०७६/४/१९

आजको वैठक - ६ बजे समाप्त भयो ।

वैठकको निर्णय मान्यूर गर्ने - गणेशप्रसाद खतिवडा - प्र.प्र.अ.